# कोभिड-१९ का बिरामीहरूको उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूको व्यवस्थापन सम्बन्धि मार्ग निर्देशन, २०७७

(स्वीकृत मिति २०७७ जेष्ठ २)

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

# कोभिड-१९ का बिरामीहरूको उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूको व्यवस्थापन सम्बन्धि मार्ग निर्देशन, २०७७

## १. सन्दर्भ

**'कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका २०७६'** ले निर्देशित गरे अनुरूप कोभिड-१९ का बिरामीहरूको निदान र उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूलाई संक्रमणको संभावना वा जोखिम, शारिरीक तथा मनोसामाजिक असर हुने बढी सम्भावना भएकाले सो को व्यवस्थापन गर्न यो मार्ग निर्देशन जारी गरिएको छ ।

## २. मार्ग निर्देशनहरू

२.१ कोभिड अस्पतालमा कोभिड-१९ को बिरामीको निदान तथा उपचारमा प्रत्यक्षरुपमा संलग्न भएका चिकित्सक, नर्स लगायत स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरू सो अवधीमा अन्य रोगका बिरामीहरूको उपचारमा संलग्न हुनु हुदैन । उक्त कर्मचारीहरूको उचित व्यवस्था सम्बन्धीत कोभिड अस्पतालले मिलाउनु पर्नेछ,

२.२ उपचारमा प्रत्यक्षरुपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूलाई आवश्यकता अनुसार लगातार १४ दिन सम्म दिनको बढीमा १० घण्टा सम्म मात्र कार्य गर्ने व्यवस्था मिलाउनु पर्नेछ,

२.३ उपचारमा प्रत्यक्षरुपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरू कोभिड-१९ का बिरामीहरू बाहेकका अन्य सेवाग्राही, घरपरिवार र समाजमा प्रत्यक्ष सम्पर्कमा आउनु भन्दा पूर्व १४ दिनसम्म अनिवार्य क्वारन्टाइनमा बस्नु पर्नेछ । सोको उचित व्यवस्था सम्बन्धीत अस्पतालले मिलाउनु पर्नेछ,

२.४ क्यारेन्टाईनका लागि छुट्टै कोठा, स्नानघर तथा शौचालय र प्रयोग गर्ने सामग्रीहरू भएको आवासको व्यवस्था निम्नानुसारको प्राथमिकता क्रममा गरिनु पर्नेछः

क) अस्पताल भित्रैको क्वाटरमा,

ख) अस्पतालले पहिचान गरेको कुनै भवनमा (आधारभुत सेवा सहितको गुणस्तरीय र सुरक्षित स्थानमा),

ग) नजिकको गुणस्तरीय र सुरक्षित होटलमा,

२.५ अस्पताल हाता बाहिर राख्नु पर्ने अवस्था भएमा निजहरूको आवतजावतका लागि छुट्टै सवारीसाधन प्रयोग गर्नु पर्नेछ । सो को व्यवस्था सम्बन्धीत अस्पतालले गर्नु पर्नेछ,

२.७ क्वारेन्टाईन अवधि समाप्त भए पश्चात् कोभिड-१९ को नमुना परिक्षण गर्दा नतिजा नेगेटिभ आएमा अरू बिदा नकाटिने गरी एक हप्ताका लागि बिदामा बस्ने सुविधा दिनु पर्नेछ । यसरी बिदामा बस्दा अन्य व्यक्तिहरुसँग शारिरीक दुरी कायम गर्न उत्प्रेरित गर्नु पर्नेछ,

२.८ सम्बन्धित कर्मचारीले उपयुक्त व्यक्तिगत सुरक्षाका सामग्री (PPE) तथा विधिहरूको उचित प्रयोग गर्नु पर्नेछ,

२.९ बिरामीको उपचार गर्दा सम्मान पुर्वक गोपनियताको हकलाई सुनिश्चित गर्दै मेडिकल इथिक्सको पुर्णरूमा पालना गर्नु पर्नेछ । बिरामीको सम्पुर्ण सुचना तथा अभिलेखहरु चुस्त दुरुस्त र सुरक्षित राख्नु पर्नेछ। सबै सुचनाहरु तोकिऐको व्यक्तिले मात्र सम्प्रेषण गर्नुपर्ने छ । तोकिएका नियम तथा विधिहरूको पालना गरे नगरेको सुनिश्चित गर्ने जिम्मेवारि तोकिएको सुपरभाइजरको हुनेछ।

## ३. अस्पतालको जिम्मेवारी

३.१ उपचारमा प्रत्यक्षरुपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूको लागि गुणस्तरीय तथा स्वस्थ खानपान, सरसफाई र आवासको व्यवस्था मिलाउने । यस्तो व्यवस्थाका लागि वास्तविक खर्चका आधारमा रू २००० (अक्षरेपी रू दुईहजार मात्र) मा नबढ्ने गरी प्रति व्यक्ति प्रति दिनका दरले अस्पताललाई रकम उपलब्ध गराउने ।

३.२ व्यक्तिगत सुरक्षाका विषयमा रोष्टरमा रहेका र अन्य सबै स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई तालीम वा समय समयमा थप जानकारी दिने,

३.३ उपचारमा प्रत्यक्षरुपमा संलग्न स्वास्थ्यकर्मीहरू र निजका परिवारका सदस्यहरूलाई मनोपरामर्श सेवा उपलब्ध गराउने,

३.४ क्यारेन्टाईन अवधि र ७ दिन बिदालाई कार्य अवधिमा गणना गरी निजहरूले नियमितरूपमा पाउने तलबभत्ता उपलब्ध गराउने,

३.५ क्यारेन्टाईनको लागि तोकिएको मापदन्डको सुनिस्चित सम्बन्धीत अस्पतालले गर्नुपर्नेछ र मापदण्ड बमोजिम भए नभएको अनुगमन अनुगमनको व्यवस्था सम्बन्धित तालुक निकायले गर्नेछ,

३.६ उपचारमा प्रत्यक्षरुपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूलाई भूमिका अनुसार आावश्यक व्यक्तिगत सुरक्षाका सामग्रीहरू उपलब्ध गराउनुका साथै संक्रमण रोकथाम तथा नियन्त्रणका उपायहरू (infection prevention and control measures) प्रोटोकल अनुसार पुर्णरूपमा पालना गराउने,

३.७ उपचारमा प्रयोग भएका व्यक्तिगत सुरक्षाका सामग्रीहरूको उचित बिसर्जनको व्यवस्था गर्ने,

३.८ उपचारमा प्रत्यक्षरुपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूलाई स्वमुल्यांकन र कुनै चिन्ह वा लक्षणहरू देखिएमा तत्काल जानकारी गराउन उत्प्रेरित गर्ने,

३.९ उपचारमा प्रत्यक्षरुपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूको कोभिड-१९ जाँच गर्ने व्यवस्था मिलाउने र यदि कोभिड-१९ पोजेटिभ देखिएमा प्राथमिकतामा राखि उपचार गर्ने,

३.१० स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको जनशक्ति परिचालन अनुपात मापदण्ड अनुसार अस्पतालमा उपलब्ध जनशक्तिको समानुपातिक र समुचित परिचालन हुने गरी रूपमा रोष्टर बनाई आवश्यकता अनुसार परिचालन गर्ने । यस कार्य प्रयोजनका लागि बनाइएको रोष्टर अस्पताल प्रमुखबाट पूर्व स्वीकृत भएको हुनु पर्नेछ ।

३.११ यस मार्ग निर्देशनमा उल्लेखित व्यवस्था मिलाउन र अतिरिक्त सेवा सुविधाका लागि (अध्ययन अनुसन्धान, उत्प्रेरणा र सम्मान लगायत) सम्बन्धित अस्पतालहरूले स्थानीय वा प्रदेश सरकारसँग सहकार्य गर्न सक्नेछन्।

३.१२ क्वारेन्टाइनमा रहने स्वास्थ्यकर्मी वा कर्मचारीहरूलाई कार्यालयका सम्भव प्रशासनिक कार्यहरू लगाउन सकिनेछ जस्तैः अभिलेखहरू अद्यावधिक गर्ने, तथ्यांकको विश्लेषण गर्ने, प्रतिवेदन तयार गर्ने, आगामी योजना बनाउने आदि ।

३.१३ बिरामीको भार धेरै भई अस्पतालमा रहेका जनशक्ति अपर्याप्त भएको खण्डमा प्रादेशिक मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी थप जनशक्ति परिचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## ४. आर्थिक श्रोतको व्यवस्था

४.१ यस निर्देशिका कार्यान्वयन गर्दा लाग्ने व्ययभार तोकिएका अस्पतालहरूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको कोरोना संक्रमण नियन्त्रण, रोकथाम र उपचार कोषबाट उपलब्ध गराइनेछ।

४.२ यस निर्देशिका बमोजिम खर्च भएको रकम उपलब्ध गराउदा सम्बन्धित अस्पतालले आवश्यक प्रमाणहरू स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## ५. कार्यान्वयन अवधि र खारेजी

५.१ यो निर्देशिका कोभिड १९ भाइरस संक्रमण रोकथाम नियन्त्रणका लागि संचालन गरिएको अवधि सम्मका लागि मात्र कायम रहनेछ र त्यस पश्चात् स्वतः खारेज हुनेछ।

**नोटः** आवश्यकता र समयानुकुल यो मार्ग निर्देशन परिवर्तन गरिनेछ ।